# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, वैशाख १२ गते २०३० साल [अतिरिक्ताङ्क १

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभाग

### निजामती सेवा (नवौं संशोधन) नियमावली, २०३०

निजामती सेवा नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "निजामती सेवा (नवौं संशोधन) नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको परिच्छेद ३ मा संशोधनः– मूल नियमावलीको परिच्छेद ३ को नियम ३. ३. पछि देहायको नियम ३. ३. क थप गरिएको छः–

३. ३. क– राजपत्रांकित विशिष्ट श्रेणीमा बढुवा गर्दाको विशेष व्यवस्थाः–

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्रांकित विशिष्ट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रेणीको पदमा पूर्ति गर्नको लागि बढुवा समितिले सिफारिश गर्दा पूर्ति गरिने पदको संख्याको कम से कम दोब्बरको संख्यामा संभावित उम्मेदवार (उपलब्ध भएसम्म) को नाम सिफारिश गर्नेछ र त्यसरी सिफारिश गरिएका कर्मचारीहरू मध्येबाट कार्य संपादन गर्न सक्ने क्षमता, उत्तरदायित्व वहन गर्ने खुबी तथा आफू मुनिका कर्मचारीहरूलाई नियन्त्रण, निर्देशन र प्रोत्साहन दिन सक्ने क्षमताको आधारमा खास उपयुक्त उम्मेदवारहरूलाई मात्र छानी विशिष्ट श्रेणीमा बढुवा गर्न श्री ५ को सरकारलाई कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

(२) विशिष्ट श्रेणीमा बढुवाको लागि नाम सिफारिश गर्दा नियम ३. ३. को उप-नियम (६) र नियम ३. ५. को उप-नियम (९) र उप-नियम (१०) लागू हुने छैन ।

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२